# आठबीस नगर कार्यपालिकाको कार्यालय

**राकम कर्णाली,दैलेख**

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति :- २०७५/१/२

यस कार्यालयबाट चालु आ.व. २०७४।०७५ का लागी सडक बोर्ड नेपालको स्वीकृत कार्यक्रम अनुसार तपसिलको कार्य ठेक्का प्रकृयाबाट गर्नु पर्ने भएकाले नेपाल सरकारबाट ईजाजत प्राप्त योग्य निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहने गरी रितपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७३।७४ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. खरीद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ : ०० बजे यस कार्यालयमा खोलिने छन ।
३. बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।
४. बोलपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम यस कार्यालयको रा.वा. बैंक दैलेख स्थित च. हि.नं. ४०१०३०४०१८११० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको बैंक जमानी पत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।
५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कारबाही हुने छैन ।
६. बोलपत्रदाताबाट बोलपत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो बोलपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनुपर्नेछ ।
७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. बोलपत्र स्वकृित भएपछि कबुल ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरीएको कार्य सम्पादन जमानत पत्र ( परफरमेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नुपर्नेछ ।
९. तपसिलको कार्य सडक बोर्ड नेपालले तोकेको समय भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।
१०. बोलपत्र पेश गर्नु अघि बोलपत्रदाताले निर्माणस्थल तथा समुदायको बारेमा जानकारी एवं अध्ययन गर्नुपर्नेछ ।
११. बोलपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिनेछ ।
१२. यसमा उल्लेख नभएका बिषयहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल :**

| ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान (मू.अ. कर सहित) | बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१/२०७४।०७५ | चिने खोला सिमगाउँ सडक मर्मत कार्य । | रु. ३५,७५,०००।– | रु.९०,०००।- | ३०००।०० | आयोजना स्थल – आठबीस नगरपालिका वडा नं.१ |

थप जानकारी एवं सूचनाको लागि : फोन ०८९६९०४७५,इ मेल aathabismun@gmail.com, वेव साइट www.aathabismun.gov.np

२०७५।१।२

(मातृका प्रसाद भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत